## विशेष इजलास

मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की, ०६७-ws-००६०, ०६७-WO-०९५६, उत्प्रेषण, परमादेश, *अधिवक्ता राममाया लामिछानेसमेत वि. राष्ट्रिय मानव अधिकार आयोगसमेत, अमृता थेवेसमेत वि. राष्ट्रिय मानव अधिकार आयोगसमेत*

मानव अधिकार आयोग जस्तो संस्थाको आवश्यकता यसको काम सुहाउँदो विशेषता, त्यस्तो जनशक्ति आपूर्ति गर्न चाहिने विधिसम्मत स्वायत्तता र जनशक्तिको उपलब्धतालाई ध्यानमा राखेर उपलब्ध भएसम्मको वाञ्छित प्रतिस्पर्धात्मक आधार तयार गरी जनशक्ति आपूर्तिको व्यवस्था गर्नुपर्ने हुन्छ । राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरूको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०५८ को नियम १२ मा उल्लिखित योग्यता तथा कार्य अनुभवका सम्बन्धमा व्यवस्था गर्न आवश्यक भै ऐनले दिएको अधिकार प्रयोग गरी कार्यविधिगत प्रबन्ध गर्नुलाई अन्यथा भन्न नमिल्ने ।

खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिने पदमा योग्यता तोक्ने कुरा नीतिगत प्रश्न भएको र त्यस्तो पदलाई चाहिने अनुभवसमेत माग गर्नु सेवा सञ्चालन गर्ने सम्बन्धित ऐन र सो ऐनद्वारा गठन हुने निकायको अधिकारको विषय भएकोले त्यस्तो विषयमा निवेदकको मागकै भरमा न्यायिक पुनरालोकनको रोहबाट हस्तक्षेप गरिरहन नमिल्ने ।

विधायिकाले नै खासखास किसिमका विषयमा मूल ऐनको मर्म र भावनाविपरीत नहुने गरी नियम बनाउन अख्तियारी प्रदान गरेको छ र त्यो अख्तियारीअन्तर्गत बनेको कुनै खास नियमका प्रावधान मूल ऐनविपरीत छैनन् भने त्यस्तो नियमका प्रावधान वा ऐनसँग बाझिएको भनी अर्थ गर्न नमिल्ने ।

समावेशी सिद्धान्तलाई आत्मसात गरिएको, सामाजिक सुरक्षाको दृष्टिकोणले आयोगमा कार्यरत् कर्मचारीलाई एक पटकको लागि मात्र उम्मेद्वार हुनको लागि विशेष मौका दिइएको र खुल्ला प्रतिस्पर्धाको लागिसमेत पदसंख्या निर्धारण भएबाट राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा शर्त र सुविधासम्बन्धी नियमावली, २०५८ मा भएको पाँचौं संशोधन र सोबमोजिम प्रकाशित विज्ञापन गैरसंवैधानिक एवं कानूनविपरीतका कार्य भन्न नमिल्ने ।

मिति २०६६।१०।७ मा आदेश हुँदाको अवस्था आयोगका कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०५८ मा भएको पाँचौं संशोधन र सोबमोजिम आयोगमा रिक्त रहेका पदको पूर्तिसम्बन्धमा भएको पछिको अवस्था नै फरक रहेको र निवेदक मीना खड्का विरूद्ध राष्ट्रिय मानव अधिकार आयोगसमेत भएको (*नेकाप* २०६७ अङ्क १, नि.नं. ८२९२) रिट निवेदनमा मिति २०६६।३।११ को प्रकाशित विज्ञापन बदर गरी सबै पदमा खुल्ला प्रतिस्पर्धा गरी पदपूर्ति गर्नु भन्ने निर्णयाधार कायम रहन नसक्ने हुँदा सो हदसम्मको निर्णयाधार निष्क्रिय हुने ।

राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०५८ मा भएको पाँचौं संशोधनले व्यवस्था गरेको नियम ४,१२(२), (३) र नियम १३ को खण्ड (ग) का प्रावधानहरू नेपालको आन्तरिम संविधान, २०६३ को धारा १२(१)(२) र (३) (च), धारा १३(१), १८, १९(१), २१, १२६(१) १५३ तथा मानव अधिकार आयोग ऐन, २०५३ को दफा २३ समेतसँग बाझिएको अवस्था नदेखिएको र मिति २०६७।११।२७ मा प्रकाशित विज्ञापनसमेत कानूनअनुरूपको हुँदा मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत दुबै रिट निवेदनहरू खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल, विष्णुप्रसाद गौतम

कम्प्युटरः विकेश गुरागाईं, रानु पौडेल

इति संवत् २०७० साल साउन १७ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट, ०६८-

WF-०००८, उत्प्रेषणयुक्त परमादेश, रामकुमार रणपहेली वि. गृह मन्त्रालयसमेत

कर्मचारीलाई गम्भीर सजाय गर्दा गम्भीर प्रकृतिको कसूर गरेको वा सामान्य प्रकृतिको कसूर पटकपटक गरेको र सो गरेकोमा कारवाहीमा परी सचेत गराउँदागराउँदै पनि अटेर गरी बारम्बार गलत प्रवृत्तिलाई अपनाएका कर्मचारीलाई दिइने सजाय हुँदा सामान्य गल्ती गरेपछि सो सम्बन्धमा स्पष्टीकरण सोधिँदा क्षमायाचना गरी पुनः गलत प्रवृत्ति नअपनाउने भनी गल्ती महसूस गरेको अवस्थामा पनि विशेष सजायसम्बन्धी कानूनी व्यवस्थालाई अनुशरण गरी नोकरीबाट हटाउने जस्तो कठोर सजाय गर्नु कानून र न्यायको रोहमा समेत मिल्ने नदेखिने ।

लाइन ब्यारेक छाडी बाहिर गई पहिलो पटक रक्सी सेवन गरी ब्यारेक फर्कने क्रममा मूल ड्यूटीमा गेटमा रहेका उपल्लो दर्जाका सहकर्मीलाई दुर्व्यवहार गरेको कसूरमा नोकरीबाट हटाउनेसम्मको गम्भीर र विशेष सजाय नै गर्ने हो भने नियमले निर्धारण गरेको शारीरिक थकाई (Fatigue) सजाय गर्ने वा गारद नजरबन्द राख्ने, नसिहत दिने, बढीमा दुई वर्ष तलब बृद्धि रोक्का गर्ने, बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने, तल्लो पद वा तल्लो टाइमस्केल वा त्यही टाइमस्केलको तल्लो स्केलमा घटुवा गर्ने जस्तो सामान्य सजायको अस्तित्वको औचित्य नै समाप्त भएर जाने ।

सजाय दिनु भनेको बदला लिनु होइन । त्यसैले सजायको निर्धारणमा न्यायिक मनको प्रयोग हुनैपर्दछ । यो न्यायिक मनको परिधि कानूनले नै निर्धारित गरिदिएको अवस्थामा सो परिधिबाहिर गरिने निर्णय त्रुटिपूर्ण नै हुन्छ । बारम्बार वा बराबर वा पटकपटक कसूर गर्दामात्र हुने सजाय एकभन्दा बढी पटक गरेको स्थापित नभई गर्न नसकिने ।

यी निवेदकले पहिलोपटक अनुशासनहीन कार्य गरेको भन्ने देखिएको अवस्थामा सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८४(क) बमोजिम सामान्य सजायसम्म गर्न सकिनेमा नियम ८४(ख) बमोजिम विशेष सजायअन्तर्गत भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको निर्णय कानूनको उद्देश्यविपरीत पूर्वाग्रहपूर्ण देखिन्छ । अतः यी निवेदकले पटकपटक सो कसूर गरेको स्थापित नभएको अवस्थामा सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८४ देहाय (क) बमोजिम सामान्य सजाय गर्नु नै कानूनसम्मत् र विवेकपूर्ण हुने देखिँदा यी निवेदक रामकुमार रणपहेलीलाई प्रहरी नियमावली, २०६० को नियम ८७(१) को देहाय (ग)(घ)(ङ) र (ज) को कसूर गरेको भनी सोही नियमावलीको नियम ८४ को देहाय (ख) को खण्ड (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी मिति २०६५।५।१० बाट लागू हुने गरी नोकरीबाट हटाउने गरी सशस्त्र प्रहरी बल, त्रिपुरागण कोहलपुरका गणपतिबाट भएको मिति २०६५।५।१० को निर्णयलाई सदर गर्ने गरेको मध्यपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय, महेश्वरी बाहिनी सुर्खेतका प्रहरी नायब महानिरीक्षकबाट मिति २०६५।६।३ मा भएको निर्णय त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी यी निवेदकको हकमा सो सजायबाहेक सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८४ को खण्ड(क) मा उल्लिखित अन्य उपयुक्त सजाय गरी निजलाई पूर्ववत् सेवामा बहाल गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ठहऱ्याएको यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री ताहिर अली अन्सारीको राय मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: हरि कोइराला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल भदौ २० गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री ज्ञानेन्द्र बहादुर कार्की र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की, ०६७-CF-००२३, सवारी ज्यान, नेपाल सरकार वि. राजकुमार तामाङसमेत

प्रतिवादी राजमाया महर्जनले भारी सवारी चालकको अनुमतिपत्र नभएको व्यक्ति भनी जान्दाजान्दै आफ्नो जिम्मामा रहेको बा.२ ख १२० नं. को सवारी साधन प्रतिवादी राजकुमार तामाङलाई चलाउन दिएको र निजले चलाएको गाडीको ठक्करबाट सोही गाडीमा यात्रा गर्ने यात्रीको मृत्यु हुन गएको देखिँदा प्रतिवादी राजमाया महर्जनले सवारी तथा यातायात व्यवस्था

ऐन, २०४९ को दफा ४६ र १६१ को उपदफा (५) अनुसारको कसूर गरेको देखिने ।

प्रतिवादी राजकुमार तामाङलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) बमोजिम १५ दिन कैद र रू. २०००।- जरीवाना र प्रतिवादी राजमाया महर्जनलाई अभियोग माग दावीबाट सफाइ पाउने गरी शुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६५।३।२६ को फैसला मिलेको नदेखिँदा उल्टि भै भारी सवारीचालक अनुमतिपत्र नभएका प्रतिवादी राजकुमार तामाङले बा.२ ख १२० नं. को बस चलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अन्तर्गतको कसूर गरेको देखिँदा निजलाई उक्त ऐनको दफा १६१(२) बमोजिम २ वर्ष कैद र सोही ऐनको दफा १६१(४) बमोजिम थप रू. २,०००।- (दुई हजार रूपैयाँ) जरीवानासमेत हुन्छ । अर्को प्रतिवादी राजमाया महर्जनले आफ्नो जिम्मामा रहेको वा २ ख १२० नं. को सवारी साधन भारी सवारी चालकको अनुमतिपत्र नभएका राजकुमार तामाङलाई चलाउन दिई सोही बसमा यात्रा गर्ने यात्रुलाई ठक्कर दिई मारेकोले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४६ र १६१(५) बमोजिमको कसूरमा सोही ऐनको दफा १६१(५) बमोजिम निजलाई १(एक) महिना कैद हुने ।

प्रतिवादी राजमाया महर्जनलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(५) अनुसारको कसूरमा १ महिना कैद हुने ठहरी फैसला भएको र दण्ड सजायको ११क देहाय २ अनुसार निज प्रतिवादीले एक दिनको पच्चीस रूपैयाँका दरले हुन आउने रकम रू. ७५०।- (सातसय पचास रूपैयाँ) बुझाएमा निजलाई कैदमा नराख्दा पनि हुन्छ । तसर्थ, प्रतिवादी राजमाया महर्जनलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(५) को कसूरमा दण्ड सजायको ११क को देहाय (२) को सुविधा प्रदान गरिएको छ । यी प्रतिवादीले अब फेरि त्यस प्रकारको कुनै अपराध नगरी राम्रो आचरण पालना गर्नेछु भनी दण्ड सजायको ११क को देहाय (३) नं. को बमोजिम कागज गरेमा कागजसमेत गराई निजको सम्बन्धमा माथि उल्लेख गरेबमोजिम गर्नू ।

इजलास अधिकृत: हरि कोइराला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल भदौ १३ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती, ०६९-WH-००७७, बन्दीप्रत्यक्षीकरण, रामेश्वर चौधरी वि. बालसुधार गृह सानोठिमी, भक्तपुरसमेत

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ मा अपराध र उमेरको आधारमा सजाय निर्धारण गरिएको र त्यस्तो तोकिएको सजाय कार्यान्वयन गर्नुपर्नेमा पनि सोही ऐनको दफा ५०(२) बमोजिम सजाय भोग्नु नपर्ने वा सजाय स्थगन गर्न सकिन्छ। यसरी तोकिएको सजायसमेत स्थगन हुने वा भोग्न नपर्ने गरी निर्णयाधिकारीले निर्णय गर्नसक्ने अवस्थामा बालकलाई पूर्वशर्तको रूपमा धरौटी मागी धरौटी दिन नसकेबाट धरौटीको विकल्पको रूपमा थुनालाई लिएको कार्य नेपाल पक्ष भएको बालबालिकासम्बन्धी महासन्धि १९८९ को धारा ३(१) ३७(ख) र ४०(१) र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ र ५० समेत विपरीत देखिने ।

निवेदक रामेश्वर चौधरीबाट रू. १०,०००।- धरौट दिन नसकेबाट बालसुधार गृहमा थुनामा राख्न पाउने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।६।१५ मा आदेश गरी बालसुधार गृहमा थुनामा राखेको कार्य गैरकानूनी हुँदा मिति २०६९।६।१५ को आदेश बदर भई बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा निवेदक थुनाबाट मुक्त हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७० साल असार ११ गते रोज ३ शुभम् ।

२

स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट, ०६६-WO-०७८६, उत्प्रेषण परमादेश, *दानबहादुर चन्द वि. जिल्ला प्रहरी कार्यालय, कैलालीसमेत*

कानूनले नै एकतह पुनरावेदन लाग्ने र त्यसपछिको निर्णयमा पुनरावेदन नलाग्ने व्यवस्था गरेकोमा फैसलामा पुनरावेदनको म्याद उल्लेख भएकै आधारमा पुनरावेदन गर्ने हक सिर्जित भएको मान्न मिल्दैन । फैसलामा पुनरावेदनको म्याद उल्लेख भएको तर त्यो कानूनसम्मत् छैन भने पुनरावेदनको म्याद उल्लेख भएता पनि त्यसको कुनै अर्थ हुँदैन। कार्यविधिका हकमा जुन कानूनले स्पष्ट प्रावधान निर्दिष्ट गरेको छ सोहीबमोजिम ती कानूनी प्रावधानहरू अवलम्बन गर्नुपर्दछ । यसरी प्रहरी ऐन, २०१२ को दफा ३६ख(१) को कानूनी व्यवस्थाबमोजिम यी निवेदकले एकतह पुनरावेदन गरिसकेको अवस्थामा दोस्रो तहमा समेत पुनरावेदन दायर गर्न आएको तर उक्त कानूनी व्यवस्थाले नै पुनरावेदन नलाग्ने भनी व्यवस्था गरेबाट सोही आधारमा पुनरावेदन दरपीठ भएको कारणबाट यी निवेदकको कुनै पनि हकमा प्रतिकूल असर पुग्न गएको मान्न नमिल्ने ।

इजलास अधिकृत: दीपक ढकाल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०७० साल साउन २१ गते रोज २ शुभम् ।

३

स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट, ०६९-wo-०८१६, उत्प्रेषण परमादेश, *सिर्जना लिम्बु वि. पिताम्बर लिम्बुसमेत*

यिनै निवेदक सिर्जना लिम्बु वादी र यिनै विपक्षी प्रतिवादी पशुपति लिम्बुबीच चलेको अंश र मिलापत्र बदर मुद्दामा तेह्रथुम जिल्ला अदालतबाट मिति २०६७।१०।२३ मा भएको फैसलाउपर पुनरावेदन अदालत, धनकुटामा पुनरावेदन दायर भएको भए पनि लगाउको नाता कायम मुद्दामा सोही मिति २०६७।१०।२३ मा भएको फैसलामा वादीलाई पुनरावेदनको म्याद जारी गर्नु भनी उल्लेख भएको तर फैसला भएको २६ औं दिनपछि मिति २०६७।११।१९ मा पुनरावेदन नगर्ने भनी पक्षलाई कागज गराई पुनरावेदनको म्याद तामेल नगरेको कामकारवाही मुलुकी ऐन, अ.बं. १९३ को कानूनी व्यवस्थाविपरीत हुँदा उक्त मिति २०६७।११।१९ को कागजसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब, नाता कायम मुद्दामा निवेदक वादीका नाउँमा कानूनबमोजिम पुनरावेदनको म्याद जारी गर्नु भनी तेह्रथुम जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: दीपक ढकाल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०७० साल साउन २१ गते रोज २ शुभम् ।

४

स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट, ०६८-CR-१२४२, जबर्जस्ती करणी, *नेपाल सरकार वि. अविनारायण प्रसाई*

स्वयं पीडितले नै आफू विरूद्ध त्यस्तो कुनै कानूनविपरीतको यौनजन्य कसूर नभएको भनी उल्लेख गरेको अवस्था एवं पीडितको शारीरिक परीक्षणसमेतबाट सो तथ्य स्थापित हुन नआएको अवस्थामा केवल अभियोग दावीका आधारमा मात्र दोषी साबित गर्ने आधार हुन सक्दैन । बिना प्रमाण दोषी साबित गरिएमा त्यस्तो कार्य फौजदारी विधिशास्त्रले स्थापित गरेका सामान्य सिद्धान्तविपरीत हुने ।

इजलास अधिकृत: दीपक ढकाल
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

५

स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट, ०६९-CR-००१७, जबर्जस्ती करणी, नेपाल सरकार वि. विकास भन्ने लोकबहादुर विश्वा

उमेर पुगेका दुई महिला र पुरुष एउटै कोठामा रात व्यतीत गर्नु, जबर्जस्ती करणीका विषयमा अर्को पक्षले अनभिज्ञता प्रकट गर्नु र जसलाई पीडित र आरोपित मानिएको छ ती दुबैले आफूले सहमतिमा करणी गरेको तथ्यलाई स्वीकार्नु, पीड़ित भनिएकी महिलामा जबर्जस्ती करणीका कुनै चिन्ह नदेखिनु एउटै पलङमा सुतेकी पीडितकी साथी संगीताले अदालतमा गरेको बकपत्रमा आफू पीडितसँग सुतेको भए पनि निज पीडितले लोकबहादुर विश्वासँग राति करणी गरेको थाहा पाएकी र उक्त करणी आपसी सहमतिमा भएको कुरा उल्लेख गर्नु यस कुरालाई पीडितले

अस्वीकार नगर्नु, जस्ता परिस्थितिजन्य प्रमाण तथा तथ्यबाट जबर्जस्ती करणी भएको तथ्य स्थापित हुन नआउने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

६

स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की, ०६८-WO-०३७०, उत्प्रेषण, *प्रमेन्द्रकिशोर क्षेत्री वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक प्रमेन्द्रकिशोर क्षेत्रीले सैनिक ऐन, २०६३ को दफा १७(३) को म्याद थपको सिफारिशको व्यवस्था बाध्यात्मक भएको र पदावधि थप हुने विषय आफ्नो पूर्ण कानूनी अधिकारको रूपमा लिएको देखिन्छ । तर उक्त कानूनी व्यवस्थाले निवेदकको पदमा बहाल रहेका सबै नेपाली सेनाका अधिकृतलाई पदावधि थप गर्न सिफारिश गर्नुपर्ने भनी अर्थ गर्न मिल्दैन। यदि यसो हुँदो हो त अवकाश हुन लागेका नेपाली सेनाका सबै अधिकृतहरूको सेवा अवधि थप गर्नका लागि नेपाल सरकारसमक्ष प्रधान सेनापतिले सिफारिश गर्नुपर्ने भन्ने बाध्यात्मक व्यवस्था नै कानूनमा उल्लेख हुने हुन्थ्यो । त्यसो भएको हुनाले नै के कुन अधिकृतको सेवा नेपाली सेनाका लागि आवश्यक रहेको भन्ने कुराको मनासिब आधार र कारण खोली सेवा अवधि थप गर्नका लागि प्रधान सेनापतिले नेपाल सरकारसमक्ष सिफारिश गर्नुपर्ने भनी उक्त ऐनमा व्यवस्था गरिएको देखिन्छ । यसो हुँदा सैनिक ऐन, २०६३ को दफा १७(३) मा उल्लिखित कानूनी व्यवस्था बाध्यात्मक रहेको भन्ने निवेदकको जिकीरसँग सहमत हुन नसकिने ।

निवेदकले आफूसँगको अन्य प्रमुख सेनानीको पदावधि थप भएको तर आफ्नो थप नभएकोले उक्त निर्णय बद्नियतपूर्ण तथा स्वेच्छाचारी भएको भन्ने जिकीर प्रमुखताकासाथ उठाएको पाइन्छ । निवेदकलाई सैनिक अदालतबाट सैनिक ऐन, २०६३ को दफा ५२ को खण्ड (छ) बमोजिम् कसूरदार ठहरी सजाय भएको मिसिल संलग्न सैनिक विशेष अदालतको फैसलाको प्रतिलिपिबाट देखिन्छ । उक्त सैनिक विशेष अदालतको फैसला अन्तिम भई बसेको र उक्त फैसलालाई निवेदकले अन्यथा भन्न सकेको नदेखिई स्वीकारै गरेको पाइयो । साथै रिट निवेदकको पदावधि थप गर्ने नगर्ने विषयको निजको कार्य सम्पादन मूल्याङ्कन प्रतिवेदन हेर्दा निजको कार्य सन्तोषजनक नभएकोले पदावधि थप गर्न उचित नहुने भनी प्राविधिक महासेनानीले व्यक्त गरेको रायलाई प्राविधिक उपरथीबाट समेत समर्थन भएको देखिन्छ । यसरी रिट निवेदकको कार्य सम्पादन मूल्याङ्कन नै सन्तोषजनक नरहेको अवस्थामा निजको सेवा नेपाली सेनाका लागि आवश्यक रहेको भनी निजको पदावधि थपका लागि सिफारिश गर्नु पर्दछ भन्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०७० साल असोज १४ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती, ०७०-WH-००३७, बन्दीप्रत्यक्षीकरण, अधिवक्ता भवेश गौतम वि. सप्तरी जिल्ला अदालत, राजविराज, सप्तरीसमेत

सप्तरी जिल्ला अदालतबाट भएको मिति २०७०।७।४ को धरौटी माग्ने आदेशको रीत बेरीतका सम्बन्धमा मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम साधारण अधिकारक्षेत्र प्रयोग गरी उक्त मुद्दाको प्रतिवादीले पुनरावेदन अदालत, राजविराजमा निवेदन दिन सक्नेमा सो पनि नगरी यस अदालतमा साधारण अधिकारक्षेत्र गुहार्न आएको देखिन्छ । वैकल्पिक उपचारको अन्य उपाय हुँदाहुँदै उपचारको सो मार्ग अवलम्बन नगरी वा अन्य उपचारको मार्ग प्रभावकारी नभए सोको आधार र कारणसमेत केही नखुलाई असाधारण अधिकारक्षेत्र ग्रहण गरी दिएको प्रस्तुत रिट निवेदनमा कारवाही र निर्णय गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दण्डपाणी लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल पुस २९ गते रोज २ शुभम् ।

इजलास नं. २

१

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की, ०६६-CI-१०२१, छूट जग्गा दर्ता, *मालपोत कार्यालय उदयपुर वि. प्रेमकुमारी कार्की*

शुरू मालपोत कार्यालय, उदयपुरबाट भएको निर्णयका सम्बन्धमा नै पुनः हेरी प्रमाण बुझी प्रमाणको मूल्याङ्कनका आधारमा निवेदकको नाउँमा दर्ता गर्न मिल्छ मिल्दैन सो सम्बन्धमा प्रमाण मूल्याङ्कनसम्म गर्नु भनी फैसला भएको देखिन्छ। पुनरावेदन अदालत, राजविराजको फैसलाबाटै दावीको कि.नं. को जग्गाका सम्बन्धमा निवेदकका नाउँमा दर्ता गर्न प्रमाण पुग्छ पुग्दैन सो प्रमाणको मूल्याङ्कन गरी निर्णय गरिसकेपछि जस्तो निर्णय हुन्छ तत्बखत निर्णय हुँदा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले फैसलाउपर समग्रमा पुनरावेदन जिकीर लिने अवस्था बाँकी नै रहेको एवं प्रमाणसमेतको मूल्याङ्कन गरी दावीको जग्गाका सम्बन्धमा समग्र निर्णय हुनसक्ने ठाउँ राखी रहेको अवस्था विद्यमान देखिएबाट यस अदालतबाट अहिले प्रक्रियात्मक अवस्थामा नै कुनै कुराको निर्देशन हुने गरी हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल साउन १३ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की, ०६७-CI-००१९, जग पर्खाल भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ, *शम्भु मुराउ वि. शंकर अहिर*

अदालतबाट भै आएको नक्सा विवरणमा न.नं. १० को विवादित जग्गामध्ये पूर्वतर्फ, उत्तर दक्षिण पूर्व पश्चिम ८.८५ मिटर पश्चिमतर्फ, उत्तर दक्षिण २ मिटर पश्चिमतर्फ उत्तरदक्षिण ५ मिटर उत्तरतर्फ पूर्व पश्चिम ९.१० मिटर दक्षिण पूर्व पश्चिम ८.८५ मिटर भएको विवादित जग्गामा प्रतिवादी शम्भु मुराउले ईंटाको वाल, खरको छानो भएको घर बनाएको र सोमा निजको भोगचलन भएको भन्नेसमेतको भै आएको नक्सा विवरणबाट देखिन्छ । सो नक्सा मुचुल्कामा प्रतिवादीहरू गोकुल यादव र शम्भु मुराउ दुबै रोहबरमा बसी सहीछाप गरेको र सो नक्सालाई अन्यथा भन्न सकेको देखिन्न । शुरू अदालतको फैसलामा घरतर्फ वादीको नालिस पर्न आएको भन्ने तर्क लिई प्रतिवादी शम्भु मुराउका हकमा फिराद दावी खारेज गर्ने गरी फैसला भएको देखिन्छ । वादीले शुरू फिरादमा स्पष्टरूपमा नै दुबै प्रतिवादीले अलगअलग व्यहोराबाट अलगअलगतर्फको खिचोला गरेको भन्ने दावी लिएको देखिन्छ । नक्सा विवरणबाट देखिई न.नं. १० को जग्गामा यी पुनरावेदक शम्भु उराउको खरको छाना खरको छाना भएको घर भोगचलनमा रहेको भन्ने विवरणबाट देखिई न.नं. १० को जग्गा वादीको भन्ने स्पष्ट भइसकेपछि सो न.नं. १० को जग्गामा बनेको खरको छानासहितको घर वादीको जग्गामा बनेको देखिँदा वादीले दावी लिएको नं. नं. १० को ०-०-११/४ जग्गामा यी पुनरावेदक प्रतिवादीले खिचोला गरी घर निर्माणसमेत गरेको देखिँदा शुरू फैसलालाई केही उल्टि गरी न.नं. १० को ०-०-११/४ को जग्गामा बनेको घर भत्काई खिचोला मेटाई वादीले चलनसमेत पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बतौला

इति संवत् २०७० साल साउन १३ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की, ०६५-CI-०९१२, रकम दिलाई पाऊँ, *चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालका तर्फबाट उपकुलपति डा. चन्द्रप्रकाश मास्केसमेत वि. डा. शिवप्रसाद अधिकारी*

साझा स्वास्थ्य सेवासँगको भाडा स्वतन्त्र विषय भएकोले रवानामा सो उल्लेख हुनु र नहुनुको तात्विक अर्थ देखिँदैन । २०६० साल वैशाख महिनासम्मको भाडा बुझाइसकेको र सोही महिनासम्म बसेको भन्ने वादीको भनाई भै अन्य कुराका हकमा वादीले प्रतिवादीको प्रतिवादलाई इन्कार गरेकोले २०६० साल वैशाखसम्मको भाडा बुझाउँदैमा २०६० वैशाखपश्चात् पनि उक्त क्लिनिक भाडामा उपयोग गरिरहेको भनी भन्न मिल्ने पनि भएन । वादीले यी पुनरावेदक चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताललाई पेश गरेको मिति २०६१।६।२५ को प्रतिक्रियाको

प्रतिलिपि व्यहोरा हेर्दा बहाल अवधि समाप्त भएपश्चात् मैले प्रयोग गर्ने गरेका बिरामी जाँच्ने सामानहरू त्यस कोठामा रहेको र म आफूले उक्त कोठा खाली गरेको जानकारी नगराएको हुनाले २०६० साल वैशाखसम्म उक्त कोठाको बहाल बुझाएको हो तर सोपश्चात् मैले उक्त स्थानको प्रयोग नगरेकोले मैले नै भाडा बुझाउनु नपरेको हो भनी आफ्नो प्रतिक्रिया पेश गरेको समेतबाट निजले २०६० वैशाख महिनासम्मको भाडा बुझाएको सम्बन्धमा सो कुराको औचित्य पुष्टि गरेको देखिन्छ । तसर्थ यी प्रत्यर्थी वादीले २०६० वैशाखसम्मको भाडा बुझाउँदैमा २०६० वैशाख पश्चात् पनि उक्त स्थान निजले नै भाडामा उपयोग गरिरहेको भन्ने निष्कर्षमा पुग्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल साउन १३ गते रोज १ शुभम् ।

४

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती, ०७०-wo-०३१४, उत्प्रेषण, परमादेश, *शुशम आदित्य विजय निर्माण सेवा प्रा.लि. वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नक्सालसमेत*

एक पटक कानूनी प्रक्रिया पूरा गरी लिलाम गरिने सम्पत्तिको मूल्याङ्कन गरी सो लिलामसम्बन्धी कारवाही अगाडि बढिरहेको अवस्थामा सो अन्यथा हुने गरी स्पष्ट कानूनको अभावमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनको आधार मानी बैंकले लिलाम प्रक्रिया नै बदर गरिएको कार्यलाई कानूनसम्मत् मान्न नमिल्ने।

कानूनबमोजिमको अख्तियार प्राप्त गरेको निकायले निर्णय गर्दा कुनै कार्य गैरकानूनी वा अनियमिततवरले भएको रहेछ भने त्यस्तो निर्णय गर्दा कानूनसम्मत तवरले कारण र आधार खोली निर्णय गर्नुपर्ने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७०।२।२२ र २०७०।४।२२ मा छानबीनको टुङ्गो नलागुञ्जेलसम्म मिति २०७०।२।५ मा गरिएको टेण्डर सूचनाबमोजिमको प्रक्रिया अघि नबढाउने भन्ने र लिलाम गरिने सम्पत्तिको पारदर्शी र प्रतिस्पर्धात्मक प्रक्रियाबाट नयाँ मूल्याङ्कन गरेर मात्र लिलामको प्रक्रिया अघि बढाउने भन्ने निर्णयको आधारमा एन.आई.डि.सी. डेभलपमेन्ट बैंक लिमिटेडबाट मिति २०७०।५।१० मा टेण्डर रद्द गर्ने गरी गरिएको निर्णय एवं मिति २०७०।६।१४ को पत्रलाई कानूनसम्मत् मात्र नमिल्ने ।

टेण्डर प्रक्रिया नै रोक्ने गरी कानूनको अख्तियार र आधार नखोली अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नयाँ प्रक्रियाको लागि दिएको निर्देशन कानूनविपरीत देखिएकोले सो निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ। त्यस्तो गैरकानूनी निर्देशनको आधारसमेत लिई टेण्डर प्रक्रिया नै रद्द गरेको विपक्षी बैंकको कारवाही एवं निर्णय पनि कानूनसङ्गत् नदेखिएकोले सो पनि उत्प्रेषणको आदेशद्वारा बदर हने ।

टेण्डर प्रक्रिया रद्द हुनुपूर्वको अवस्थामा राखी अब मिति २०७०।२।५ को टेण्डर सूचनाबमोजिमको लिलामसम्बन्धी कारवाहीको हकमा कानूनबमोजिम निर्णय गर्नु गराउनु भनी विपक्षी एन.आई. डि.सी. डेभलपमेन्ट बैंक लिमिटेड, एन.आई.डि.सी. डेभलपमेन्ट बैंक लिमिटेड सञ्चालक समिति र एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लिमिटेड मूल्याङ्कन समितिका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल पुस १६ गते रोज ३ शुभम् ।

५

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय, ०६८-CI-००२९, हक कायम खिचोलासमेत, *रत्नदेवी के.सी.समेत वि. प्रमोद अधिकारी*

साविक कि.नं. २१७ तथा २१८ को जग्गा नयाँ नापी हुँदाका बखत कि.नं. ९६ कायम भएकोले कित्ताकाट गरी नयाँ नापीमा जग्गा दर्ता गरिपाउनसमेत रत्नकुमारी श्रेष्ठ, तिर्थराज श्रेष्ठको समेत निवेदन परी ६ नं. नापी गोश्वाराबाट साविक कि.नं. २१७, २१८ र २२८ का नापीअनुसारका जग्गा कि.नं. ९६ मा परी एकमुष्ट नापनक्सासमेत भएउपर नापी टोलीबाट भएको टिप्पणीसमेत सदर भएको देखिन्छ । सो टिप्पणीमा विवादित

जग्गाका सम्बन्धमा ०.००२० बाटोमा छाडी नयाँ कि.नं. १७३ मा ०,००,१२.९० अदालतको आदेशबमोजिम छाडी बाँकी नक्सा ट्रेसमा देखाएबमोजिम कित्ताकाट गरी कि.नं. १७४ र १७५ साविक कि.नं. २१८, २१७ भिडाई जग्गा दर्ता गरी दिनसमेतको मिति २०६०।६।१२ मा भएको ६ नं. नापी गोश्वारासमेतको निर्णय व्यहोराबाट देखिएको, २०५६ सालमै कि.नं. २२८ को जग्गा नयाँ नापी हुँदा कि.नं. ९६ मा समावेश भएकोले कित्ताकाट गरी भूलसुधार गरिपाऊँ भनी २०५६ सालमा नै निवेदन परी सो निवेदनउपर कारवाही हुँदा ०.००२० बाटोमा छाडी नयाँ कि.नं. १७६ मा ०,००,१३.९० कायम गर्ने दर्ता गरी निर्णय भै टुङ्गिएको विषयमा निज शिवराम के.सी. ले चित्त बुझाई कहीँकतै उजुरसमेत नगरी सो विषय अन्तिम भएर बसेको मिसिलबाट देखिन्छ । दावीको जग्गा नयाँ नापीको बखत प्रतिवादीको कि.नं. ९५ भित्र घुस्न गएको छ भनी तत्कालीन जग्गाका धनीले नभनी स्वीकार गरी बसेको अवस्थामा हाल आएर वादीहरूले सो दावी गरी वादीको फिराद जिकीरबमोजिम उक्त जग्गा खिचोला भएको छ भन्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बतौला

इति संवत् २०७० साल साउन १४ गते रोज २ शुभम् ।

६

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय, ०६६-WO-००८५, उत्प्रेषणसमेत, *चन्द्रेश्वरप्रसाद सुमन वि. शिक्षा विभागसमेत*

जिल्ला शिक्षा कार्यालय, सिन्धुलीको मिसिल संलग्न मिति २०६५।१०।१० को पत्र व्यहोराबाट निज निवेदक चन्द्रेश्वरप्रसाद सुमनलाई त्यस कार्यालयको मिति २०६५।१०।९ को निर्णयअनुसार दरबन्दीसहित फिक्कल मा.वि. स्वल्पाठानामा सरूवा गरिएको र सोही विषयउपर निजले आपत्ति जनाई रिट निवेदन दायर गरेको देखिन्छ । यी रिट निवेदकले रिट दायर गरेपश्चात् निवेदक २०६५।११।२ मा निज सरूवा भएको ठाउँ फिक्कल माध्यमिक विद्यालय स्वल्पाठाना, सिन्धुलीमा हाजीर हुन गई निजले रकमसमेत बुझिसकेको देखिएको र उक्त सरूवा कार्यान्वयन भइसकेको देखियो । यी रिट निवेदकले दावी गरेको विषय सरूवाको विषय भएको र सो सरूवा कार्यान्वयन भइसकेको अवस्था विद्यमान देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बतौला

इति संवत् २०७० साल साउन ३० गते रोज ४ शुभम् ।

७

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय, ०६६-WO-०६४४, उत्प्रेषण/परमादेश, *रामएकवाल साह वि. जिल्ला शिक्षा कार्यलिय, सिरहासमेत*

निवेदकले आफ्नो निवेदन दावीमा नै आफू अभिभावकहरूमध्येबाट छानी पठाएको व्यक्ति भनी उल्लेख गरेको र उक्त मनोनित अध्यक्षको पदावधि ३ वर्षको हुने भनी व्यवस्था गरेको देखिन्छ । विवादित विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा निवेदकलाई मिति २०६६।२।२१ मा नियुक्त गरेको श्री प्राथमिक विद्यालय, थलबाकटवाको मिति २०६६।२।२१ को पत्रको प्रतिलिपिबाट देखिएकोले मिति २०६६।२।२१ बाट हाल ३ वर्षको पदावधि नै समाप्त भैसकेको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने औचित्यको विद्यमानतासमेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल साउन ३० गते रोज ४ शुभम् ।

८

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय, ०६६-WO-०६६२, घरजग्गा खिचोला चलन, *रामविलास राउत कुर्मी वि. बोएलाल राउतसमेत*

पुनरावेदन अदालत, जनकपुरबाट भएको आदेशानुसार उक्त मिति २०६३।९।१६ मा भै आएको नक्साका सम्बन्धमा यी पुनरावेदक वादीले अन्यथा भन्न सकेको वा चुनौती दिन सकेको देखिँदैन । वादीले दावी लिए जस्तो उत्तर मुख र पश्चिम मुखको घरै वादीले राजीनामा गरी पाएको देखिन्न । विवादित जग्गा गाउँ ब्लकको जग्गा भएको कुरामा विवाद रहेन। वादीको न.नं. ५ को जग्गा निर्विवादरूपमा रहेको

र.नं. ५ क पनि वादीकै भोगमा कायम रहेको छँदैछ । यी जग्गाको क्षेत्रफल करीब ८ धुर रहेको र सो जग्गाका सम्बन्धमा अन्यथा भएको समेत देखिँदैन । खरीद गरेको क्षेत्रफल वादीसँग कायमै रहेको भै बाँकी भएको देखिन्छ। राजीनामामा उल्लेख भएमध्ये पुनरावेदन अदालतको आदेशानुसार मिति २०६३।९।१६ मा भै आएको नक्सामा विवाद देखाइएको न.नं. ६ का जग्गाहरू समावेश भएको नदेखिएकोले खिचोलाको वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०७० साल साउन १४ गते रोज २ शुभम् ।

९

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय, ०६६-WO-१२६२, उत्प्रेषणसमेत, *विनोद महतोसमेत वि. जिल्ला शिक्षा कार्यालय, सर्लाहीसमेत*

मिति २०६५।४।३२ देखि यी विपक्षीमध्येकी संगीतादेवी तथा रञ्जुदेवीले अस्थायी नियुक्ति लिई विवादित पदमा कार्यरत् रहेको र सो नियुक्तिको विषयलाई लिएर रिट निवेदकले यस अदालतसमक्ष मिति २०६७।३।९ मा मात्र रिट निवेदन दिएको देखियो । यस्तो विलम्ब गरी पर्न आएको रिट निवेदनउपरका हकमा अन्यथा निर्णय गर्नसक्ने विलम्बको सिद्धान्तसमेतबाट नहुँदा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिली प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०७० साल साउन १४ गते रोज २ शुभम् ।

१०

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय, ०६७-CI-१३०८, लिखत बदर, *रामविलास राउत कुर्मी वि. बौएलाल राउतसमेत*

विवादित मिति २०५७।१०।१२ को र.नं. ८८५४ को राजीनामा लिखतको चार किल्ला हेर्दा धनुषा, चक्कर ५ को रामसागर राउत र किशुन राउत सो पूर्व दलका मण्डल र फुलगेन राउत सो दक्षिण बैजनाथ मण्डल सो उत्तर बाटो सो पश्चिम यति चार किल्लाभित्रको पूर्व पश्चिम लामो ७२ फिट उत्तर दक्षिण चौडा ४० फिटमा बाँसको टाट खरको छाना भएको पूर्वमुखको फुसको स्ववासी घरसमेत भनी उल्लेख भएको उक्त राजीनामाको छायाँप्रतिबाट देखिन्छ। तर पुनरावेदन अदालतबाट आदेश भएबमोजिम मिति २०६३।९।१५ को भै आएको नक्सा विवरण हेर्दा न.नं. १०, ११, १२, १३, १४, १५ समेतको घर जग्गा राजीनामामध्ये मिति २०५७।१०।१२ गते रामविलास राउतले खरीद गरेको घरजग्गासमेत सो घर जग्गा हाल बौएलालको भोगमा रहेकोलगायतसमेत भन्ने उल्लेख भएकोसमेत् देखिन्छ । राजीनामामा उल्लेख भएमध्ये भै आएको नक्सामा विवाद देखिएको न.न. ६ का जग्गाहरू समावेश भएको नदेखिएकोले सोमा दावी नपुग्ने न.नं. १०, ११, १२, १३, १४, १५ को प्रत्यर्थी वादीको हकभोगको घरजग्गासमेत किल्लाभित्र पारेको हदसम्म उक्त मिति २०५७।१०।१२ को लिखत बदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०७० साल साउन १४ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६४-CR-५१४, जालसाजी, रामविलास राउत कुर्मी वि. बौएलाल राउतसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

११

मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट, ०६७-CR-०९२०, ०६९-CI-००८१, कर्तव्य ज्यान, कृष्ण दमाई वि. नेपाल सरकार, *नेपाल सरकार वि. प्रकाश दमाईसमेत*

शव परीक्षण प्रतिवेदनमा cause of death is due to dead injury भन्ने उल्लेख गरिएको हुँदा प्रतिवादी कृष्ण दमाईको कर्तव्यबाट मृतक न्याउरे दमाईको मृत्यु भएको पुष्टि हुन आएको देखिन्छ। आफ्नी १४ वर्षकी नाबालिगा छोरीमाथि भएको अनुचित व्यवहारका कारण रिस उठी त्यस किसिमको व्यवहार सहन नसकी मृतकलाई सचेत गराउने र सामाजिकरूपमा बेइज्जत गर्ने उद्देश्यकासाथ कुटपीट गरेको भन्ने देखिन्छ । तथापि प्रतिवादीहरूले घटनाको भोलिपल्ट मात्रै मृतकलाई खोजतलास गरी गरेको कुटपीटलाई

तत्काल उठेको रिस थाम्न नसकी कुटपीट गरेको भन्न मिल्ने अवस्था रहेन। मृतकको टाउकोमा चोट लागेको र शरीरभरि नीलडाम रहेको शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिएबाट मृतकको मृत्यु प्रतिवादीहरूको कुटपीटको कारण भएको कुरामा विवाद रहेन। कुटपीटबाट घाइते भएका मृतकलाई औषधि उपचार गर्नुपर्ने दायित्व यी प्रतिवादीहरूले बहन गरेको देखिएन । साथै घाइतेलाई उपचार नगरी आफ्नो कब्जामा लिई रातभर गोठमा राखेको कुराबाट यी प्रतिवादीहरूको मृतकलाई मार्ने अव्यक्त मनसाय रहेको प्रष्टरूपमा देखिँदा अबोध नाबालिगामाथि भएको कुकृत्यलाई समाजका अगाडि उदाङ्गित पार्दै मृतकलाई सामाजिकरूपमा बेइज्जत गर्ने उद्देश्य रहेको भए सोही दिन निजलाई खोजी समाजका अघि लागी कारवाही गरिनुपर्दथ्यो तर कुटपीट गरी रातभर आफ्नो कब्जामा राखेबाट प्रतिवादीहरूको मृतकलाई मार्नेसम्मको योजना वा मनसाय थिएन भन्न मिल्ने अवस्था नरहने ।

अघिल्लो दिनको घटनालाई लिएर भोलिपल्ट कुटपीट गरी सो कारणले मृतकको मृत्यु भएको देखिएकोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.को परिस्थिति भन्न नमिल्ने अवस्था विद्यमान रहेन । अतः मृतक न्याउरे दमाईलाई प्रतिवादीहरूले खोजतलास गरी सांघातिक प्रहार गरेको देखिएको वारदात प्रकृतिले समेत पुष्टि गरिरहेको अवस्थामा पुनरावेदक प्रतिवादी कृष्ण दमाईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

छोरीउपर भएको अनुचित व्यवहारको विषयलाई लिएर छोरीले सो कुराको जानकारी गराएपछि मृतकलाई खोजतलास गरेको र प्रतिवादीहरूले तत्काल उठेको रिसको झोकमा नभई पूर्वयोजनासहित मृतकको खोजतलास गरी निजलाई कुटपीट गरी मारेको अवस्था देखिँदा वारदात भवितव्य हो कि भनी सकार गर्नुपर्नेसम्मको अवस्था पनि देखिँदैन । यस्तो अवस्थामा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम घटी सजाय गर्ने गरी जाहेर भएको पुनरावेदन अदालत, पाटनको रायसँग सहमत हुन नसकिने।

शाखा अधिकृतः दीक्षा प्रधानाङ्ग

इति संवत् २०७० साल कात्तिक ४ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय, ०६८-CR-०७२८, कर्तव्य ज्यान, *शर्मीला तामाङ वि. नेपाल सरकार*

शर्मीला तमाङले अदालतमा गरेको बयानमा आफ्नो मौकाको बयान प्रहरीको डर त्रासमा परी वा कुटपीट गरी सहिछाप गराई लिएको भनी भन्न नसकी केवल त्यो बयान मैले भनेको होइन, प्रहरीमा के लेखे मलाई थाहा छैन र म अनपढ महिला हुँदा प्रहरीमा यहाँ सही गर भने मैले सही गरी दिएको हुँ भनी बयान गरेको देखिन्छ । तर प्रहरीले प्रतिवादीबाट निजले नभनेका कुरा लेखाई दिनुपर्ने कुनै कारण र अवस्थासमेत मिसिलबाट नदेखिँदा र निजले अनुसन्धान अधिकारीसमक्षको बयानमा बच्चा शुरूमा एकचोटी रोएको र पछि नरोएबाट मरेको अनुमान गरी खाल्टोमा गाडेको भन्ने देखिँदा प्रतिवादीको मौकाको बयान अन्यथा रहेछ भन्ने देखिन नआउने ।

प्रतिवादी अविवाहित महिला, आफ्नो भिनाजुसँगको करणी सम्बन्धमा गर्भ रहेको कुरा अन्य कसैलाई थाहा जानकारी नहोस् भन्ने उद्देश्यका साथ आफ्नो बेइज्जतीका खातिर नवजात शिशुको जन्मपश्चात् गाडेको भन्ने अभियोग दावी रहेकोमा सोलाई पुष्टि गर्ने तत्काल मौकामा कागज गर्ने व्यक्तिको भनाई, घटनास्थल मुचुल्काको मानिससमेतका कागजबाट सो दावीलाई पुष्टी गरेको देखिएबाट निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.विपरीत १३(३) नं बमोजिमको कसूरदार ठहऱ्याई गरेको पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा हुन सक्ने अवस्थाको नदेखिँदा प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद सजाय गर्नुपर्ने भनी पुनरावेदन अदालतबाट राय व्यक्त भएको सम्बन्धमा विचार गर्दा निज प्रतिवादी अविवाहित महिला, भिनाजुसँगको शारीरिक सम्पर्कबाट गर्भ रहन गएको, ७ महिनामा बच्चा जन्मेको भन्ने निजको कथन, भिनाजुले स्याहारौंला भनी वचन दिएको अवस्था, निजको कलिलो २१ वर्षको

उमेर, अपराध हुँदाको परिस्थिति एवं हाम्रो सामाजिक संरचना र कानूनी व्यवस्थासमेतका आधार कारणबाट प्रतिवादी छुलिमाया भन्ने शर्मीला तामाङलाई वादी दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्म कैद हुने ठहऱ्याई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम कैद वर्ष ५ हुने ठहर्याई राय व्यक्त गरेको मिति २०६८।३।२१ को पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल असोज १४ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय, ०६७-CR-१२६२, कर्तव्य ज्यान, *अस्मिता राई वि. नेपाल सरकार*

प्रतिवादी अस्मिता राईले लोकलाज र आफ्नो लोग्नेबाट बच्न अवैध गर्भ धारण गरी जन्मेको बच्चा मार्ने मनसायले ज्याखिल्मा (डोरी) ले बच्चाको घाँटी कसी मारेको कार्य निजले आफूले गर्न लागेको कार्य र परिणाम थाहा पाउने होस हवासमा भएको अवस्थामा गरेको देखिन आएबाट निज निर्दोष हुन् भनी मान्न नमिल्ने हुँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूरमा सर्वस्वसहित जन्मकैद गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी विवाहित बच्चाकी आमासमेत भएकी महिला, लोग्ने परदेश गएको धेरै भएको अवस्था, गाउँ कै चिनेको मान्छे घरमा बास बस्न आएबाट करणी लिनुदिनु भै अवैध गर्भ रहन गएको भै सो अवैध गर्भको जानकारी समाज तथा लोग्नेलाई हुन नदिन जन्मिसकेको शिशु बच्चाको हत्या आफ्नो इज्जत बचाउने उद्देश्यले गरेको, बच्चा जन्माई आफूले नमारेको स्पष्ट भन्न नसक्ने अचेत अवस्थाकी थिएँ भनी आफ्नो बयानमा भनेको र निजलाई उपचारको लागि अस्पतालसमेत जाहेरवालाहरूले लगेको भन्ने देखिएबाट निज अवैध अनिच्छित गर्भको कारण मानसिक तथा शारीरिकरूपमा कमजोर भएको अवस्था एवं निजको उमेर अपराध हुँदाको परिस्थितिसमेतका आधार कारणबाट यी प्रतिवादीलाई ४ वर्ष कैद गर्दा न्यायको उद्देश्यसमेत पूरा हुन जाने भएकाले पुनरावेदन अदालतले व्यक्त गरेको राय प्रस्तुत मुद्दाको सन्दर्भमा मुनासिब नै देखिँदा प्रतिवादी अस्मिता राईलाई वादी दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिम जन्म कैद हुने ठहर्याई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं बमोजिम कैद वर्ष ४ हुने ठहरी व्यक्त गरेको मिति २०६८।१।४ को पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल असोज १४ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की, ०६४-CI-०२२२, हक कायम दर्ता बदर कायम, *कुन्तादेवी शर्मा नेपाल वि. अमावती विश्वास*

प्रतिवादीले जग्गा खरीद गर्नुभन्दा अगाडि नै वादीले ०-६-० जग्गा राजीनामा गराई लिएको र राजीनामा सम्बन्धमा कुनै विवाद नरहेको केवल गुठी अधीनस्थ जग्गा हुँदा नामसारी र जग्गाधनी पूर्जासम्म लिन छुट भएको देखियो । यसरी वादीको २०३१ सालको राजीनामा र प्रतिवादी कुन्तादेवीले २०३४ सालमा पास गरी पाएको दाइजोपत्रमा पनि कि.नं २१४ को १-३-० जग्गा मात्र उल्लेख भएको तथ्यबाट दुबै लिखतमा उल्लेखित क्षेत्रफल स्पष्ट नै देखिने ।

हदम्याद नाघी अदालत प्रवेश गरेको भन्ने प्रतिवादी जिकीर सम्बन्धमा हेर्दा दुबै पक्षले सोही जग्गाको सम्बन्धमा राजीनामा पारीत गराउँदाका अवस्थामा धनी पूर्जा नै वितरण नभएको भन्ने कुरा प्रमाण कागजातहरूबाट देखिएको प्रतिवादीले पनि तहतह जग्गा राजीनामा गरी २०३९ सालमा कुन्तादेवीले आफ्नो जग्गा दर्ता गराएको अवस्थामा वादीले पनि आफ्नो जग्गाको सोधखोज गर्दै जाँदा थाहा पाएको मितिबाट ऐन कानूनका म्यादभित्र नालेश गरेबाट हदम्यादबाहिरको फिराद भन्ने पुनरावेदन जिकीरसँग पनि सहमत हुनसक्ने अवस्था नदेखिने ।

नथुनी साहूले २०२१।१२।१२ को राजीनामाबाट प्राप्त गरेको साविक कि.न. ७०७

को ०-१९-१९ जग्गामध्ये ०-१०-० जग्गा आफूले प्राप्त गरेको देखिन्छ । यसरी वादीका दाता नथुनी साहूले २०२१ सालमा प्राप्त गरेको ०-१०-० जग्गामध्ये ०-६-० जग्गा यी वादी अमावती विश्वासले लिएको देखिएबाट पुनरावेदकले जिकीर गरेजस्तो साबिक दर्ता स्रेस्ता नै नभएको जग्गा भन्न मान्न मिल्ने नदेखिने ।

वादीले २०३१ सालमा ०-६-० जग्गा राजीनामा पास गराई लिई सकेपश्चात् २०३७ सालमा मालपोत कार्यालयबाट प्राप्त एक हर्पि लगतमा वादीको दाता नथुनीका नाउँमा रै.नं १३० मा ०-१-१३-२ जग्गा मात्र रहेको भन्ने आधारमा वादीको जेठो लिखतमा उल्लिखित क्षेत्रफललाई अन्यथा भन्नु न्यायोचित देखिएन। २०३१ सालको सर्भे नापीमा कायम कि.नं. २१४ को १-९-० जग्गामध्ये वादीले ०-६-० राजीनामा गरी लिएपश्चात् बाँकी रहेको सोही कित्ताको १-३-० जग्गा प्रतिवादी टुकमायाले राजीनामा पारीत गराई लिई सोही क्षेत्रफललाई यी प्रतिवादी कुन्तादेवीलाई लिखत पारीत गराई दिएको देखिन्छ । प्रतिवादीको जग्गा नरबढी भै १-९-० हुने तर वादीको जेठो राजीनामाको ०-६-० जग्गालाई अन्यथा गर्न मिल्ने न्यायोचित नदेखिँदा कित्ता २१४ सम्बन्धमा विवादमा आएको जग्गा खिचोला मुद्दामा भएको मिसिल संलग्न नक्सा मुचुल्कामा वादीले पक्रेको किल्लासँग मिल्न भिड्न आएको न.नं ३१ को क्षेत्रफल ०-६-१४-३ जग्गामध्ये उत्तरतर्फबाट ०-६-० जग्गामा वादी अमावती विश्वासको हक कायम भै सो हदसम्म प्रतिवादी कुन्तादेवी शर्माको दर्ता बदर भै वादीका नाममा दर्ता हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६४।५।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : टेकराज जोशी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०७० साल भदौ ३० गते रोज १ शुभम् ।

- यसै लगाउको ०६४-CI-१०२८, ०६५-CI-०२२३, हक कायम दर्ता बदर कायम, भेटाई विश्वाससमेत वि. कुन्तादेवी शर्मा नेपाल वि. भेटाई विश्वाससमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की, ०६८-CI-००३०, मोही नामसारी, *धनकृष्ण देसार वि. मानबहादुर देसारसमेत*

कि.नं १४७ साबिक लगतवाला बुद्धिलालको लगत नं ७६४ अन्तर्गत रैकरमा परिणत भई दर्ता भएको देखिएको छ । उक्त कि.नं १४७ नापी हुँदा सो कित्ताको फिल्डबुकमा चक्रगुठीको जग्गा भन्ने उल्लेख भएको पाइँदैन। अन्य कित्ता जग्गा नापीको अवस्थामा चक्रगुठी भनी उल्लेख भई उक्त जग्गा र प्रस्तुत जग्गा पृथक ठाउँमा अवस्थित भै फरक देखिई रैकरमा दर्ता भइसकेको जग्गा गुठीको हो भन्ने वस्तुनिष्ठरूपमा प्रमाणित नभएको अवस्थामा अन्य कि.नं. का जग्गा गुठी ठहर गर्दा प्रस्तुत रैकर जग्गा कि.नं १४७ समेत गुठीको भनी ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला प्रमाण ऐन, २०३१ को दफा ३ तथा ५४ को त्रुटि देखिनुका साथै यस अदालतबाट प्रतिपादित नेकाप २०४४, नि.नं ३१८८, पृष्ठ ८७० मा "दर्ता भएको जग्गाको दर्ता बदर गर्न गुठी संस्थान केन्द्रीय कार्यालयलाई कानूनी अधिकार गुठी संस्थान ऐन, २०३३ को दफा ३९ ले दिएको भन्न मिल्दैन।" भन्ने सिद्धान्त समेतका आधारमा पुनरावेदन अदालत, पाटनको उक्त फैसला कानूनसम्मत् भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः टेकराज जोशी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०७० साल असोज ४ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती, ०६६-WO-१०६०, उत्प्रेषण परमादेश, *गोविन्दप्रसाद अधिकारी वि. पदपूर्ति समिति, नेपाल कृषि अनुसन्धान परिषद्समेत*

निवेदकले कृषि अनुसन्धान परिषद्को विनियम १९द(१) ले तोकेको सेवा अवधि पूरा गरिसकेको, अर्थशास्त्र विषयमा स्नातकोत्तरसमेत

गरेको र सोही विज्ञापनमा बढुवाको लागि पेश गरेको लेखा अधिकृत ए. ६ पदका कृषि अनुसन्धान केन्द्र पाखीबासका श्री तिलकबहादुर श्रेष्ठ क्र.सं. ३ लाई माथिल्लो शैक्षिक योग्यता एम.पि.ए. लाई आधार मानी बढुवा समितिले बढुवा गरेको बढुवाको सूचीबाट देखिएको स्थितिमा विशेष बढुवा प्रयोजनका लागि विज्ञापन गरिएको अवस्थासमेत हुँदा यी रिट निवेदकसमेतले प्राप्त गरेको माथिल्लो शैक्षिक योग्यता अर्थशास्त्रमा स्नातकोत्तर विषयलाई आधार मानी वरिष्ठ लेखा अधिकृत, ए. ७ मा मिति २०६५।१२।०७ देखि लागू हुने गरी बढुवा गर्नु भनी नेपाल कृषि अनुसन्धान परिषद्, पदपूर्ति समितिको नाममा परमादेश जारी गरिदिएको छ । रिट निवेदकलाई परिषद्को विज्ञापन नं. १/०६५/६६ को वरिष्ठ लेखा अधिकृत ए. ७ पदमा विशेष बढुवा नगर्ने गरी पदपूर्ति समिति, नेपाल कृषि अनुसन्धान परिषद्ले मिति २०६५।१२।०७ मा गरेको निर्णय र सोउपर विपक्षी कार्यकारी समितिले मिति २०६६।०१।२२ मा सुविधा दिन नमिल्ने भन्नेसमेतको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७० साल पुस ८ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती, ०६७-WO-०२५१, उत्प्रेषण परमादेश, *रमेशकुमार श्रेष्ठ वि. निजामती किताबखाना, हरिहरभवन, ललितपुर*

शुरू नियुक्तिपत्र नभएका कर्मचारीहरूको हकमा शुरू स्थायी नियुक्ति मिति किटान गर्न सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा शुरू स्थायी नियुक्ति मिति किटान समितिको व्यवस्था गरिएको देखिन्छ । जसमा शुरू स्थायी नियुक्तिपत्र नभएका कर्मचारीहरूका सम्बन्धमा शुरू स्थायी नियुक्ति मिति किटान गर्नको लागि सम्बन्धित मन्त्रालयको सचिवस्तरीय निर्णय र सञ्चयकोषको प्रमाणसमेतको आधारमा माथि उल्लिखित समितिमा प्रस्ताव पेश गरी उक्त समितिको निर्णयको आधारमा शुरू स्थायी नियुक्ति मिति किटान गरी निवृत्तिभरणको अधिकारपत्र तयार गर्ने गरिएको पाइयो । यी निवेदकको हकमा पनि शुरू स्थायी नियुक्ति किटान गर्न सो समितिमा कारवाही अगाडि बढाउँदा आवश्यक कागजात पेश नगरेको कारणले मिति २०२८।११।२३ मा खरिदार पदमा गरिएको स्थायी नियुक्तिलाई नै शुरू नियुक्ति मानी निवृत्तिभरण तयार गरेको देखियो । उक्त समितिलाई विपक्षी बनाउन सकेको पाइएन । आफैंले भरेको सिटरोलमा लेखिएको कुराको पुष्टिको अभावमा आधिकारिक मान्न नमिल्ने ।

निवेदकले शुरू स्थायी नियुक्ति मिति किटान समितिमा आवश्यक कागजात पेश गरेमा समितिबाट् निर्णय भएबमोजिम पछि संशोधन हुनसक्ने नै हुँदा २ वर्ष ६ महिना १६ दिन सेवा अवधि कायम गरी सो अवधिका आधारमा शुरू मितिदेखि निवृत्तिभरण पाउने अवधिभर मासिक पाउने घटी भएको रकम रू. ५१९।- का दरले दिनु भनी परमादेशको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल मंसिर २५ गते रोज ३ शुभम् ।

३

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती, ०६६-WO-०३५५, उत्प्रेषण परमादेश, *रमेश सिंह ओखेडा वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

कुनै पनि कर्मचारीको सरूवा तथा काजका विषयमा न्यायिक हस्तक्षेप गर्ने कुरामा अदालतले अत्यन्त नै न्यायिक संयम अपनाउनु पर्ने हुन्छ। कर्मचारी सरूवा तथा काज जस्ता कुरा प्रशासन चलाउन र सुशासन कायम गर्न अपरिहार्य तत्व हुन्। साथै कर्मचारी अनुशासनका यी अभिन्न अङ्ग पनि हुन् । जहाँ बसिएको छ त्यहाँबाट अन्यत्र जानै नपरोस् र जुन काममा आफूलाई संलग्न गरिएको छ त्यो छाड्नै नपरोस् भन्ने अभिप्रायलाई सेवा विधिशास्त्रले स्वीकार्न सक्दैन । तर, अख्तियारप्राप्त अधिकारीबाहेक अरूले सरूवा वा काजको निर्णय गरेको, कानूनले नै किटानीरूपमा कर्मचारीलाई प्रदान गरेको सुविधा दिन इन्कार गरेको र कर्मचारीप्रति पूर्वाग्रह राखी दुःख दिने उद्देश्यले कानूनको प्रक्रियासमेत नपुर्‍याई गरिएको सरूवा वा काज खटाउनेसमेतका निर्णय न्यायिक

मूल्याङ्कनका विषय बन्दछन् । सरूवा गरिएको वा काज खटाइएको निर्णयका विरूद्ध वैकल्पिक उपचार छ र त्यो बाटो सम्बन्धित कर्मचारीले अवलम्बन नै नगरी सीधै अदालत प्रवेश गरेको छ भने त्यस्ता सरूवा वा काजका विषयमा दिइएको चुनौतीका विषयमा अदालतले विचार गर्न सक्दैन। आफूलाई काजमा खटाइएको स्थानमा अवधि सकिएपछि पनि बसिरहन पाइयोस् भन्ने निवेदक दावी कर्मचारी प्रशासन तथा सेवा विधिशास्त्रको आधारभूत मान्यताप्रतिकूल हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल मंसिर २५ गते रोज ३ शुभम् ।

४

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती, २०६८ सालको रिट नं. ०६८-CI-०९८७, परमादेश, *रामजी मण्डलसमेत वि. कोशी पम्प चन्द्रनहर सिंचाई व्यवस्थापन डिभिजन नं. २ राजविराज, सप्तरीसमेत*

सिंचाई मन्त्रालय, सिंचाई विभागअन्तर्गत आ.व. २०६६।०६७ मा सञ्चालन हुने विकास आयोजनाको लागि आवश्यक पर्ने दरबन्दी सिफारिश गर्न सिंचाई मन्त्रालयका सचिवको अध्यक्षतामा गरिएको निर्णयमा कोशी पम्प चन्द्रनहर सिंचाई व्यवस्थापन डिभिजन नं. २ राजविराज, सप्तरीअन्तर्गतको इलेक्ट्रिकल अपरेटर ३ पद र ढल्पा २० पदको स्वीकृत दरबन्दी रहेको र सो दरबन्दीमा ५८ वर्ष उमेर भएका सबै कर्मचारीलाई अनिवार्य अवकाश दिने र यसरी वा अन्य कारणले रिक्त हुने पद स्वतः खारेज हुने भनी सो निर्णयमा नै उल्लेख भएको देखियो । यी निवेदकहरू सोही स्वीकृत दरबन्दीअन्तर्गतका पदमा नियुक्ति भएको अवस्था देखिँदा निजहरू ५८ वर्ष उमेर हदका कारणले अवकाश प्राप्त गरेको अवस्थामा पुनः निवृत्त गरेको मितिदेखि सेवालाई निरन्तरता दिन विपक्षीको नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ भन्ने पुनरावेदकको पुनरावेदन जिकीर कानूनसम्मत् नदेखिने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल मंसिर २७ गते रोज ५ शुभम् ।

५

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती, ०६६-wo-११९२, उत्प्रेषणयुक्त परमादेश, *गोपाल बुढाथोकीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकहरूलाई प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६(१)(घ) अन्तर्गत मिति २०६५।८।१६ गते मन्त्रीस्तरको निर्णयबमोजिम प्रेस काउन्सिल नेपालको सदस्य पदमा नियुक्ति गरिएको देखियो । निवेदकहरूको निवेदनबमोजिम निजहरूलाई चारवर्षे कार्यकाल नसकिँदै अवकाश दिइयो भन्ने जिकीरतर्फ विचार गर्दा यी निवेदकहरूलाई मिति २०६७।१।२३ मा सो पदमा नियुक्ति पाएको अवस्था देखिँदा निजहरूलाई मर्का पर्ने अवस्थाको विद्यमानता देखिन आएन । निजहरूको कार्यकाल चारवर्षको भए पनि पदावधि समाप्त भई प्रस्तुत रिट निवेदन निष्प्रयोजित भइसकेको देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल मंसिर २५ गते रोज ३ शुभम् ।

६

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती, २०६८ सालको रिट नं. ०६८-CI-१०९६, निषेधाज्ञायुक्त परमादेश, *सुरेन्द्रकुमार बर्मा कुर्मीसमेत वि. सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति, बाँकेसमेत*

कि.नं. १०३ को जग्गा ऐलानी जग्गा रहेकोमा विवाद देखिएन । बाँके जिल्ला अदालतबाट दे.नं. १२२३ मा भएको फैसला अध्ययन गर्दा निवेदकले अर्थ गरेजस्तो नभई कि.नं. १०३ ऐलानी जग्गा भएबाट वादीको हक नपुग्ने भनिएको देखिन्छ । उक्त ऐलानी जग्गाको संरक्षण गर्ने वा आवश्यक व्यवस्था गर्ने दायित्व नेपाल सरकारमा नीहित रहेबाट यी निवेदकले उक्त जग्गाको नेपाल सरकार वा सम्बद्ध निकायले गर्ने बन्दोबस्तीमा अन्यथा भन्ने वा चुनौती दिने हकाधिकार रहँदैन । जहाँसम्म आफ्नो निकास बाटो उक्त जग्गा वितरण गर्दा अवरूद्ध हुनजाने भन्ने निवेदकको कथन छ सोतर्फ सम्पूर्ण कि.नं. १०३ वितरण नै नहोस् जग्गाधनी

प्रमाणपूर्जा वितरण नै नहोस् भन्ने प्रस्तुत मुद्दाको माग दावीले निवेदनको औचित्य स्थापित गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः रिन्जा डंगोल
इति संवत् २०७० साल मंसिर २७ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६८ सालको रिट नं. ०६८-CI-१०९७, निषेधाज्ञायुक्त परमादेश, राजेशकुमार बर्मा वि. सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति, बाँकेसमेत

७

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती, २०६८ सालको स.फौ.पु.नं. ०६७-CR-१२७५, कर्तव्य ज्यान, *भरत चन्द वि. नेपाल सरकार*

मृतक रामबहादुर डगौरा लेबर काम गरी घर फर्कंदै गर्दा प्रतिवादी भरत चन्दसँग बाटोमा भेट भै सामान्य कुरामा वादविवाद भै प्रतिवादी भरत चन्दले मृतक रामबहादुर डगौराको कञ्चटमा एक राउण्ड गोली हानी घाइते बनाइएका र मृतक रामबहादुर डगौराको महाकाली अञ्चल अस्पतालमा उपचार हुन नसकी भारतको पिलिभीतमा उपचारकै क्रममा मृत्यु भएको मिसिल संलग्न कागजातबाट देखिन्छ । मिति २०६६।५।३० नै प्रतिवादी भरत चन्दको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा "Consumed alcohol" उल्लेख भएको देखिएबाट प्रतिवादीले सो वारदात हुँदा मादक पदार्थ सेवन गरेको अवस्था देखियो । घाइते रामबहादुर डगौराको घा जाँच केश फाराममा, "Lacerated wound perital region size (२x१) Inability to open eye, patient in state of coma" भन्ने उल्लेख भएको देखिन्छ । शव परीक्षण प्रतिवेदनमा "Intracranial Haemorrhage" को कारणबाट मृत्यु भएको देखिन्छ । निजले आफूले वारदात घटाई मृतकलाई नल कट्टुवा पेस्तोलको अगाडिको भागले हिर्काएको हुँ भनी यी प्रतिवादी भरत चन्द अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत बयान गर्दा साबिती भई आफूले गरेको कार्यलाई स्वीकार नै गरेको देखिँदा प्रतिवादी भरत चन्दलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय १ नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।
इजलास अधिकृतः रिन्जा डंगोल
इति संवत् २०७० साल मंसिर २६ गते रोज ४ शुभम् ।

८

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट, मुद्दा नं. ०६८-CR-०२५७, जबर्जस्ती करणी उद्योग, *कालीचरण मेहता वि. नेपाल सरकार*

प्रतिवादीले एक्कासी मलाई झम्टी अठ्याई भूईंमा लडाई जबर्जस्ती करणी गर्ने उद्योग गर्‍यो भन्ने प्रतिवादीउपरको किटानी जाहेरीलाई जाहेरवाली पीडितको मौकामा अनुसन्धान अधिकारीसमक्ष व्यक्त गरी अदालतमा समेत पुष्टि हुने गरी बकपत्र गरेको पाइन्छ । यसको अतिरिक्त वारदातस्थलमा घैंचा माडिनु, हरिया, राता चुराका टुक्राहरू बरामद हुनु समेतका संघर्षका चिह्नहरू देखिएको र मौकामा पीडितले प्रहार गरेको हतियारको चोटको खत प्रतिवादीको हातमा रहेको हुनुबाट मिति २०६२।३।२७ मा जबर्जस्ती करणीको उद्योग भएको होइन भन्ने प्रतिवादीको जिकीरलाई मात्र मिल्ने देखिएन । जबर्जस्ती करणीको उद्योगको वारदात भएपश्चात् प्रतिवादी फरार रहेको र पछि अदालतमा उपस्थित भई गरेको इन्कारी बयानलाई मिसिल संलग्न स्वतन्त्र एवं वस्तुनिष्ठ प्रमाणले पुष्टि गरेको नदेखिँदा यी प्रतिवादीले जाहेरवाली पीडितलाई जबर्जस्ती करणीको उद्योग गरेको हो भनी पुष्टि हुने ।
इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७० साल माघ ५ गते रोज १ शुभम् ।

९

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट, २०६८–CR–११०१, बन्दीप्रत्यक्षीकरण, *मानबहादुर तामाङको हकमा रोजनी तामाङ वि. चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरासमेत*

सर्जमीन मुचुल्कामा मानबहादुर घलानको जेलमा परी मृत्यु भएको हो भन्ने सुनेको हो, बाबु इन्द्रबहादुर हुन्, बाजेको नाम थाहा छैन । मानबहादुर घलान र मानबहादुर तामाङ पृथक व्यक्ति हुन् भनी लेखाई दिएको देखिन्छ । सो मुचुल्कामा बस्ने व्यक्तिहरूले मुद्दा

न. ७३ को मुद्दाका प्रतिवादी मानबहादुर घलानको मृत्यु भएको हो भनी प्रष्ट लेखाउन सकेको छैन । मुचुल्कामा बस्ने व्यक्तिहरूले मानबहादुरको जेलमा मृत्यु भएको हो भन्ने सुनेको हो भन्ने लेखाई दिएका छन् । सुनेको (Hear say) हो भन्ने कुरालाई मिसिल संलग्न स्वतन्त्र र वस्तुनिष्ठ प्रमाण कागजातहरूबाट कटिबद्धरूपमा पुष्टि हुन सकेको छैन । चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराले गरेको फैसलाउपरको पुनरावेदनको म्याद मानबहादुर घलान भन्ने मानबहादुर तामाङ स्वयंले बुझी सही गरेको मिति २०६८।७।४ को तामेली म्यादबाट देखिएको अवस्थामा त्यस्तो अपुष्ट मुचुल्कालाई प्रमाणमा ग्रहण गर्न नमिल्ने ।
इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने
कम्प्युटरः गीता घिमिरे
इति संवत् २०७० साल माघ ५ गते रोज १ शुभम् ।

१०

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की, ०६८-WO-०६६३, उत्प्रेषण, *मु.स. गर्ने लक्ष्मीकुमारी श्रेष्ठ वि. कृष्णदेवी श्रेष्ठसमेत*

शुरू अदालतले डि.एन.ए. परीक्षणको लागि आदेश गर्दा प्रस्तुत मुद्दामा वादी कृष्णदेवी र प्रतिवादी चतुरमान श्रेष्ठसँग परीक्षण गर्ने नभई श्री काठमाडौं जिल्ला अदालतको संवत् ०६५ सालको दे.नं. ५५१२ को अंश मुद्दाको वादी लक्ष्मी श्रेष्ठसँग चतुरमान श्रेष्ठको डि.एन.ए. परीक्षण गराउन आदेश भएको। लक्ष्मी श्रेष्ठ प्रस्तुत मुद्दामा वादी प्रतिवादीसमेत रहे भएको देखिँदैन। निज लक्ष्मी श्रेष्ठले चतुरमान श्रेष्ठसमेतउपर दायर गरेको अंश चलन मुद्दा तामेलीमा गई सकेपछि उपरोक्त डि.एन.ए. परीक्षणको आदेश कार्यान्वयन हुनसक्ने अवस्थासमेत देखिँदैन। अंशबण्डाको २०, २१, २२ र २३ नं. बमोजिम गरिने आदेश अर्थात् तायदातीसम्बन्धी आदेश अन्तर्कालीन आदेशसम्म हो । यस्तो आदेश मुद्दामा अन्तिम नभई उक्त आदेश फैसला हुँदा विचार हुनसक्ने नै हुँदा यसलाई पूर्णकालीन, स्थायी प्रकृतिको वा फैसला भएसरहको मात्र सकिँदैन । तायदाती माग्ने आदेश भएपछि पनि अदालतले थप प्रमाण बुझी फैसला गर्न कुनै कानूनले रोक लगाएको अवस्थासमेत नदेखिने ।
शाखा अधिकृतः तीर्थ भट्टराई
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७० साल मंसिर १६ गते रोज १ शुभम् ।

११

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की, ०६८-WO-०५९७, उत्प्रेषण, *तुल्सीमाया सिल्पकारसमेत वि. हरिलाल सिल्पकारसमेत*

काशीलाल सिकर्मीले २०४१।८।२२ गते र.नं. ३१२८ बाट विपक्षी हरिलाल सिल्पकारलाई दिएको शेषपछिको बकसपत्रमा रिट निवेदकमध्येकै हरिफत्ते सिल्पकार साक्षी बसेको देखिएको मिसिल संलग्न सो लिखतको प्रतिलिपिबाट देखिन्छ । शेषपछिको बकसपत्र दिने काशीलाल सिकर्मी वस्तुतः यी निवेदकहरूको काका, ससुरा तथा काका बाजे भएको र निजको मृत्युपछि निजको आफ्नो सन्तती कोही नभएको देखिएको साथै सो शेषपछिको बकसपत्र रिट निवेदकहरूले बदरसमेत गराउन नसकेको अवस्थामा सोही र.नं. ३१२८ कै शेषपछिको बकसपत्रको आधारमा दावीको जग्गामा रहेको काशीलालको मोही हक निजको मृत्युपश्चात् शेषपछिको बकसपत्र प्राप्त गर्ने विपक्षी हरिलालको नाउँमा नामसारी गरी जग्गाधनी प्रमाण पूर्जा बनाई दिन मालपोत कार्यालय, भक्तपुरमा पठाईदिने गरी भएको गुठी तहसील तथा खर्च कार्यालय, भक्तपुरको २०६६।८।४ को निर्णयले निवेदकहरूको संवैधानिक एवं कानूनप्रदत्त हकमा आघात परेको रहेछ भनी मान्न नमिल्ने ।

दावीको जग्गामा निवेदकहरूको निर्विवाद हक नदेखिनुको अतिरिक्त गुठी संस्थान, केन्द्रीय कार्यालयको मिति २०६७।११।६ को निर्णयअनुसार निवेदक हकबेहकतर्फ जान नसकेको समेतका उल्लेखित आधार प्रमाणबाट निवेदन मागअनुसारको आदेश जारी गर्न मिल्ने देखिएन । निवेदकको प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ
कम्प्युटर : मन्दिरा रानाभाट
इति संवत् २०७० साल पुस ९ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की, ०६८-CI-०३९१, फैसला बदरसमेत, *मुनिला चौधरी वि. गोवरधन चौधरीसमेत*

वादी र प्रतिवादीहरूबीचमा नातामा विवाद देखिँदैन । तर, ठिठरी थरूनीको कुनै शाखासन्तान नभएको देखिएकोले निजको सम्पत्तिको हकदार को हुने भन्ने सम्बन्धमा विचार गरी निर्णय दिनुपर्ने देखिन्छ । ठिठरीको सम्पत्ति नापी हुँदा फिल्डबुकमै मुनिलालले लेखाई देखाई नापी गराएको देखिएको र मुनिलालले ठिठरीलाई आफूले नै पालताल गरी निजको मृत्युपछि आफैंले काजकिरियासमेत गरेको भनी लिएको दावीलाई प्रतिवादीहरूले अन्यथा हो भनी प्रतिवाद नगरेबाट प्रतिवादीहरूमात्रले ठिठरीको सम्पत्ति खाने आधार नदेखिने ।

ठिठरीको सम्पत्ति विधिवतरूपमा गोवरधनले आफ्नो नाउँमा अपुताली दर्ता गराएको नभई प्रतिवादीहरूबीचमा परेको अंश मुद्दामा सो ठिठरीको नाउँको सम्पत्तिलाई समेत तायदातीमा देखाई बण्डा गरेको हो भनी स्पष्टसाथ सम्पूर्ण व्यहोरा खोली प्रस्तुत फिराद परेको अवस्थामा प्रतिवादीहरू प्रेमसुख, कुसुमलाल र गोवरधनबीचको अंश मुद्दाको फैसलाले अंशियार नै नदेखाएका वादी मुनिलाललाई कुनै असर नै नगरेको भनी अ.बं. ८६ नं. ले सो फैसला बदर नहुने भनी उदयपुर जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, राजविराजको फैसला न्यायसङ्गत् देखिन नआउँदा उल्टि हुने ठहर्छ । अब ठिठरी चौधरीको नाउँमा रहेको सम्पत्तिमा वादीको समेत अंश हक लाग्ने नलाग्ने के हो? वादी प्रतिवादीहरूबीचको पुस्तेवारी सम्बन्धमा समेत जे जो बुझ्नुपर्छ सो बुझी फैसला गर्नु भनी प्रस्तुत मुद्दाका दुबै पक्षलाई तारिख तोकी मिसिल पुनरावेदन अदालत, राजविराजमा पठाई दिने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल असोज ९ गते रोज ४ शुभम् ।

## इजलास नं.६

१

मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की, ०६६-CR-०११४, लागू औषध, *नेपाल सरकार वि. लोकेन्द्रबहादुर थिङ*

प्रतिवादी लोकेन्द्रबहादुर थिङले लागू औषध गाँजा उत्पादन गरी कहाँ कसरी कहिले सञ्चय गरेको हो र बिक्री वितरणको लागि ओसारपसार गर्न लगाएको हो भन्ने व्यहोरा तथ्ययुक्त प्रमाणबाट वादी नेपाल सरकारले प्रमाणितरूपमा पुष्टि गर्न नसकी केवल गाँजासाथ पक्राउ परेको अन्य ६ जना प्रतिवादीहरूको पोलको आधारमा मात्र मुद्दा चलाएको देखिन्छ । लागू औषध जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा कसूरदार ठहर गर्नको लागि अभियुक्तका क्रियाकलाप र अपराधको बीचमा तादात्म्यता हुनुपर्दछ र निजका क्रियाकलापहरूलाई मालाकाररूपमा प्रमाणहरूले (chain of evidence) पुष्टि गरेको हुनुपर्दछ । सहअभियुक्तको पोल एउटा प्रमाण हुन सक्दछ, तर पूर्ण प्रमाण होइन । सहअभियुक्तको पोललाई प्रमाणहरूले पुष्टि गरेको हुनुपर्दछ । प्रस्तुत मुद्दामा सहअभियुक्तको पोलबाहेक अन्य प्रमाणहरू अभियोग दावीकर्ताको तर्फबाट पेश हुन सकेको देखिँदैन । फेरि यी प्रतिवादी अन्य समयमा पनि लागू औषधको कारोवारी हुन् भनेर प्रमाणसहित भन्न सकेको अवस्था पनि देखिन आएन । यस अवस्थामा प्रतिवादी लोकेन्द्रबहादुर थिङले अभियोग दावीबमोजिमको कसूर गरेको पुष्टि हुन नसकेको हुँदा निजलाई अभियोग माग दावीबाट सफाइ दिने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०६६।२।७ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः चाणकमणि अर्याल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल मंसिर २३ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की, ०६५-CR-०६७३, डाँका चोरी, *विनोदबहादुर वलीसमेत वि. नेपाल सरकार*

प्रस्तुत वारदातको सम्पूर्ण अवस्थाको विश्लेषण गर्दा मुलुकी ऐन, चोरीको महलको ६ नं. डाँकाको वारदात नभई चोरीको ४ नं. को परिभाषाभित्र पर्ने गरी जबर्जस्ती चोरीको वारदात देखिन आएको हुँदा प्रस्तुत वारदातलाई जबर्जस्ती चोरी कायम गर्ने गरेको तथा प्रतिवादीमध्ये भुण्टे भन्ने देवबहादुर वलीलाई सफाइ दिने गरेको पुनरावेदन अदालत, दाङको फैसला मिलेकै देखिएको, प्रतिवादीमध्ये विनोद वलीको हकमा विचार गर्दा निजको साथबाट तत्काल पक्राउ परी रू. २,०००।- बरामद भएको देखिएको हुँदा सोही बिगो कायम गरी बिगो रू. २,०००।- को डेढी बढाई चोरीको १२ र १४(२) नं. बमोजिम रू. ३०००।- जरीवाना र १ महिना १५ दिन कैद हुने ठहर्‍याएकोसम्म पुनरावेदन अदालतको फैसला मिलेकै देखिन्छ । चोरीको १४(२) नं. बमोजिम जरीवानाबापत समेत कैद गर्नुपर्ने हो होइन भन्नेतर्फ विचार गर्दा चोरीको १४ नं. को देहाय २ मा "जबर्जस्ती चोरी गर्नेलाई यसै महलको १२ नं. बमोजिम हुने सजायको डेढी बढाई सजाय गरी जरीवानाबापतसमेत कैद गर्नुपर्छ" भन्ने व्यवस्था भएको देखिन्छ । प्रतिवादीलाई उक्त नम्बरअनुसार डेढी बढाई कैद जरीवाना गरेको पुनरावेदन अदालतको फैसलाबाट देखिएकै छ, तर जरीवानाबापत कैद गर्नुपर्नेमा सो भए गरेको उक्त फैसलाबाट नदेखिँदा सो हदमा चोरीको १४ नं. को २ को त्रुटि भएको देखिन आयो। तसर्थ जरीवानाबापत कैद गर्नुपर्नेमा सो नगरी जरीवानाबापत मात्र गर्ने गरेको हदसम्म पुनरावेदन अदालत, दाङको फैसला सो हदसम्म त्रुटि भएकोले सोही हदसम्म उल्टि हुने र प्रतिवादीलाई लागेको जरीवानाबापतसमेत कैद हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल मंसिर २३ गते रोज १ शुभम् ।

## एकल इजलास

मा.न्या.श्री रामकुमार प्रसाद शाह, ०७०-WO-०४५९, उत्प्रेषणमिश्रित परमादेश, *कर्णाली हाउजिङ्ग प्रा.लि. वि. प्रमोदकुमार नेपालसमेत*

निवेदकले म्याद बदर गरिपाऊँ भनी दावी गरेको करारबमोजिम रकम दिलाई भराई पाऊँ भन्ने मुद्दा सोभन्दा अगावै मिति २०६९।८।२१ मा दायर भई अदालतबाट मिति २०६९।१०।१२ मा म्याद तामेल भएको र घरद्वार फेला नपरेकोले जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क बमोजिम मिति २०६९।११।२९ मा गोरखापत्रमा सूचना प्रकाशन भई म्याद तामेल भै प्रतिवाद नगरेको अवस्थामा सो मुद्दाको फैसला मिति २०७०।२।१६ मा भैसकेको देखिन्छ । यसरी फिराद दर्ता हुँदा र म्याद तामेल हुँदासम्म प्रतिवादीको वतन परिवर्तन नभई मुद्दा फैसला मितिभन्दा पछि संशोधन भएको वतनमा अदालतको म्याद जारी गर्नसक्ने अवस्था हुँदैन। पछि संशोधन गरिएको वतन देखाई फिराद गर्न र अदालतले म्याद जारी गर्ने अवस्था नहुने ।

निवेदकले प्रस्तुत रिटका विपक्षीहरू असीम राणा र प्रमोदकुमार नेपाललाई प्रतिवादी बनाई काठमाडौं जिल्ला अदालतमा मिति २०७०।५।३० मा ०७०-CR-०७४० को फैसला बदर मुद्दाको फिराद दिएको र सो मुद्दा हाल कारवाहीयुक्त अवस्थामा रहेको देखिएको हुँदा नेपालको अन्तरिम संविधानको धारा १०७(२) ले व्यवस्था गरेअनुसार अर्को उपचारको व्यवस्था नभएको वा भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन रहेको भन्ने अवस्था देखिन आएन । निवेदकले साधारण अधिकारक्षेत्रअन्तर्गत उपचार लिन काठमाडौं जिल्ला अदालतमा फिराद दिई राखेको अवस्थामा असाधारण अधिकारक्षेत्रको माध्यमबाट हस्तक्षेप गर्दा काठमाडौं जिल्ला अदालतमा चलेको मुद्दा प्रभावित हुने भएकोले प्रस्तुत रिटको रोहबाट निवेदन मागबमोजिमको आदेश जारी गर्नु उचित र न्यायसङ्गत् नहुने ।

निवेदकले दावी लिएको करारबमोजिम रकम दिलाई भराई पाऊँ भन्ने मुद्दाका प्रतिवादी कर्णाली हाउजिङ्ग प्रा.लि.ले करार गर्दा उल्लेख भएको वतन देखाई वादी असीम राणाले करारबमोजिमको रकम भराई पाऊँ भनी मुद्दा दिएको र सोही वतनमा नै अदालतबाट इतलायनामा जारी भई तामेल हुँदा घरद्वार फेला नपरेको भनी जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क बमोजिम प्रतिवादीको नाउँमा प्रतिवाद गर्न आउनु भनी सूचना प्रकाशित भएको देखिँदा यसरी

करार लिखत र फिरादमा उल्लेख भएको वतनमा म्याद तामेल भई फेला नपरेको अवस्थामा कानूनबमोजिम राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरेको देखिएकोले प्रतिवाद नगरी एकतर्फी फैसला भएको अवस्थामा सुनुवाइको मौका नपाएको र प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको भन्न नमिल्ने हुनाले निवेदकले अ.बं. २०८ नं. बमोजिम दिएको निवेदनमा प्रतिवादीहरूका नाउँको म्याद बदर नहुने गरी काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनबाट भएको आदेशबाट निवेदकको संवैधानिक एवं कानूनी हक हनन् भएको भन्ने प्रथम दृष्टिमा नै देखिन नआएकोले तथा यी निवेदकतर्फबाट उक्त फैसला बदर गरिपाऊँ भनी फिराद परी सकेकोले तत्काल तल्लो अदालतमा विचाराधीन रहेको मुद्दाको निर्णय प्रभावित हुने गरी यस अदालतबाट कुनै आदेश गर्न नमिल्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल माघ १३ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०७०-WO-०४५८, उत्प्रेषणमिश्रित परमादेश, कर्णाली हाउजिङ्ग प्रा.लि.को एकल शेयरधनी तथा सञ्चालक कम्पनीबाट अख्तियारप्राप्त गरी आफ्नो हकमा समेत भरतप्रसाद ढकाल वि. प्रमोदकुमार नेपालसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## पूर्ण इजलासमा पेश हुने

मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की, ०६१ सालको दे.पु.नं. ८५६९, दर्ता बदर हक कायम, *पुटी शेर्पासमेत वि. नेपाल दूरसञ्चार संस्थान, सोलुखुम्बु*

अदालतबाट मुद्दामा निर्णय हुँदा वादी दावी पुग्ने नपुग्ने वा पुनरावेदन जिकीर पुग्ने नपुग्ने सन्दर्भमा निष्कर्षमा पुग्ने भए पनि सो निष्कर्षमा पुगेको आधारको विवेचनासहित सोही दिन पक्षहरूलाई सामान्यतया फैसलाको पूर्ण पाठ उपलब्ध गराउन सकिएको हुँदैन । फैसलाको विस्तृत विवरणसहितको पूर्ण पाठ सोही फैसला भएको मितिमा तयार नभए पनि पछि फैसला तयार गरिँदा सो मुद्दा फैसला भएकै दिनको मिति उल्लेख गरी फैसला तयार भएको हुन्छ। फैसलाको पूर्ण पाठ नहेरीकन सो फैसलामा उल्लिखित के कुन कुरामा मुद्दाका पक्षले चित्त नबुझेको हो वा फैसलामा के कुन प्रमाणलाई नजरअन्दाज गरिएको रहेछ भनी निष्कर्षमा पुग्नसक्ने अवस्था पनि हुँदैन । यस्तो अवस्थामा मुद्दामा वारिस हुने व्यक्तिले फैसला सुनी पाएको कागज गरी दिएको कारणबाट पक्षको पुनरावेदन गर्न पाउने नैसर्गिक हकाधिकारमा समेत असर पर्न सक्ने ।

पुनरावेदन गर्ने म्यादको गणना गर्दा मुद्दामा पक्षको वारिसले फैसला सुनी पाएँ भनी गरी दिएको कागज भएको मितिबाटै गर्नुपर्ने हो वा पक्षले फैसलाको नक्कल लिएको मितिबाट गणना गर्नुपर्ने हो भन्ने सम्बन्धमा यस अदालतबाट प्रस्तुत मुद्दामा पुनरावेदन दर्ता गर्ने भनी भएको मिति २०५७।५।८ को एकल इजलासको आदेशलाई मध्यनजर राखी विचार गर्दा जटिलता उत्पन्न हुन जानुको साथसाथै यसै अदालतको इजलासहरूबाट प्रतिपादन भएका कानूनी सिद्धान्तहरूमा समेत एकरूपता कायम भएको नदेखिएकोले प्रस्तुत विषयलाई अन्य मुद्दाहरूको सन्दर्भमा समेत एकरूपता कायम गरी एउटा निश्चित् निष्कर्षमा पुग्नुपर्ने देखिँदा मुद्दामा पक्षको प्रतिनिधित्व गर्ने वारिसले फैसला सुनी पाएँ भनी गरी दिएको कागज वा निजले लिएको प्रमाणित नक्कललाई नै सो वारिस राख्ने पक्षले समेत फैसला सुनी पाएको वा नक्कल लिएको मिति कायम गर्नुपर्ने हो वा मुद्दा फैसला भए सँगसँगै मुद्दाको लगत पनि कट्टा हुने हुँदा सो मुद्दामा पक्षको तर्फबाट रहेको वारिसको हैसियतसमेत समाप्त हुने हो भन्ने सम्बन्धमा निराकरणको लागि यस अदालतको पूर्ण इजलासबाट व्याख्या भई एकरूपता कायम हुनु मनासिब हुने देखिएकोले प्रस्तुत मुद्दाको संयुक्त इजलासको दायरीको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(ख) र (घ) बमोजिम प्रस्तुत मुद्दा पूर्ण इजलाससमक्ष पेश गर्नू ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७० साल पुस १६ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६४-CI-०९६९, दर्ता

बदर हक कायम, मोतीप्रसाद रानामगर वि. नेपाल दूरसञ्चार संस्थान सोलुखुम्बुको तर्फबाट अख्तियारप्राप्त ऐ. संस्थान केन्द्रीय कार्यालयका महाप्रबन्धक चेतराज भट्टराई भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## अन्तरिम आदेश

१

मा.न्या.श्री तर्कराज भट्ट, ०७०-WO-०५९३, उत्प्रेषणसमेत, *जगदीशप्रसाद यादव वि. श्री लोकसेवा आयोग, केन्द्रीय कार्यालयसमेत*

निवेदकको मागबमोजिम अन्तरिम आदेश सम्बन्धमा विचार गरी हेर्दा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को परिच्छेद ३ स्वास्थ्य सेवामा पदपूर्तिसम्बन्धी दफा ८ को उपदफा ३ मा "खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने कुनै तहको पदमा समान तहका कुनै कर्मचारीले त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता पूरा गरेको भएमा निजसमेत सो परीक्षामा सामेल हुन सक्नेछ" भनी व्यवस्था भैरहेको देखिनाले लोकसेवा आयोगको मिति २०७०।१०।०९ को निर्णय व्यहोरा उक्त कानूनी व्यवस्थाअनुकूल भए गरेको नदेखिँदा यो निवेदनको टुङ्गो नलागेसम्म लोकसेवा आयोगको उक्त मिति २०७०।१०।९ को निर्णय कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल फागुन ११ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री तर्कराज भट्ट, ०७०-WO-०५८९, उत्प्रेषणसमेत, *रामचन्द्र सिवाकोटी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा विचार गर्दा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको मिति २०७०।७।६ को पत्रसाथ संलग्न मेडिकल बोर्डको सिफारिश तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, च.नं. २०४१ मिति ०७०।१०।१५ को साविक कार्यालयमै कामकाज गर्ने व्यवस्थाको लागि आवश्यक कार्यार्थ भन्ने पत्रको मिसिल संलग्न फोटो प्रतिलिपिसमेतको आधारमा सुविधा सन्तुलनको दृष्टिले यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म मिति २०७०।५।२३ को निर्णयका साथै श्रम विभागबाट मिति २०७०।१०।१९ देखि लागू हुने गरी गरिएको रमानापत्र कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल फागुन ११ गते रोज १ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**